# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २८


## गुप्तमा गरिने प्रार्थना

स्वर्गमा हुनुहुने आफ्ना पितालाई जान्नुबाहेक अरू कुनै प्रेरणा नरहोस्। गोप्य प्रार्थनाका लागि निश्चित समयहरू नछुट्याई चेलाको रूपमा आफ्नो जीवन अघि बढाउनु असम्भव छ।

- ओस्वाल्ड चेम्बर्स

तर तिमी, जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका बन्द गरेर गुप्तमा देख्नुहुने तिम्रा पितालाई प्रार्थना गर; अनि गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई खुल्लमखुल्ला इनाम दिनुहुनेछ।

मत्ती ६:६



**यदि मण्डलीका प्रत्येक सदस्य म जस्तै भएको भए, त्यो कस्तो किसिमको मण्डली हुनेथियो?**

## शान्त समय

हालै मात्र, काममा जानुअघि हरेक बिहान एक घण्टाभन्दा बढी समय परमेश्वरसँग एकान्तमा बिताउने एक जना जवान विश्वासीको बारेमा थाहा पाउँदा मलाई खुसी लाग्यो। तर यसलाई एउटा असाधारण अभ्यास नसम्झनुहोस्। परमेश्वरसँगको आफ्नो सम्बन्धमा आनन्द लिँदै त्यसमा बढिरहेका आत्मिक रूपमा स्वस्थ ख्रीष्टियनहरूको सामान्य बानी हो यो। परमेश्वरसँग एकान्तमा बिताउने यस समयलाई हामी “शान्त समय” भन्छौँ।

परमेश्वरसँग शान्त समय बिताउनुको महत्त्व मैले आफ्नो ख्रीष्टियन जीवनको सुरुतिर नै सिक्न पाएकोमा परमेश्वरलाई धन्यवाद दिन्छु। शान्त समय भनेको म आफ्ना पिता परमेश्वरसँग प्रार्थना गर्ने र बाइबल पढ्ने समय हो। परमेश्वर आफ्नो वचनद्वारा मसँग बोल्नुहुन्छ र म प्रार्थनाद्वारा उहाँसँग बोल्छु। यो समय बाइबलका तथ्यहरू सिक्नमा केन्द्रित हुने समय होइन; बरु यो परमेश्वरसँग हृदयदेखि हृदयसम्मको संगति गर्ने समय हो। उहाँको वचन पढ्दै र त्यसमा मनन गर्दै जाँदा, उहाँले आफूलाई मसमक्ष प्रकट गर्नुहुँदा म उहाँको आराधना गर्छु, उहाँको प्रशंसा गर्छु, अनि उहाँको उपस्थितिको प्रकाशमा आफ्ना पापहरू स्वीकार गर्छु। यो अरूहरूका लागि अन्तर्विन्ति गर्ने र आफ्ना सबै चिन्ता उहाँमाथि हालिदिने समय पनि हो।

परमेश्वरसँग यसरी एकाग्र भएर संगति गरेको समयले मलाई त्यसपछि उहाँको प्रेम र शक्तिमा पूर्ण भरोसा राख्दै काममा जान सक्षम बनाउँछ। जेसुकै आइपरोस्, मलाई डोर्‍याउन उहाँको बुद्धिमा र मलाई सामर्थ्य दिन उहाँको अनुग्रहमा भर पर्न म पहिलेभन्दा बढी तयार हुन्छु। नयाँ विश्वासी हुँदा मैले चाँडै बुझेँ कि दिनभरि परमेश्वरसँगको मेरो चाल कम डगमगाउने बनाउन उहाँसँग बिताउने मेरो शान्त समय अत्यन्तै महत्त्वपूर्ण रहेछ। त्यसैले, कुनै पनि कुरालाई परमेश्वरसँगको मेरो शान्त समय खोस्न नदिने कुरामा मेरो मन दृढ बन्यो।

परमेश्वरका प्रिय सन्तान, के तपाईंको पनि यस्तो बानी छ? म तपाईंलाई बिन्ती गर्छु—आफूलाई परमेश्वरका आशिषहरूबाट वञ्चित नगर्नुहोस्, न त परमेश्वरलाई उहाँले पाउनुपर्ने कुरा दिनबाट वञ्चित गर्नुहोस्। तपाईं “ख्रीष्टियन” हुनुहोला, तर नियमित रूपमा उहाँको उपस्थितिमा रहनुभएन भने उहाँको प्रेमलाई धेरै गहिराइमा जान्न सक्नुहुन्न। शान्त समय ख्रीष्टियन जीवनको ज्यादै महत्त्वपूर्ण पक्ष हो। असल प्रवचनहरू सुन्नुले यसको स्थान लिन सक्दैन। यदि तपाईं दिनहुँ पवित्रशास्त्रको मूल मुहानबाट ताजा पानी पिउनुहुन्न र स्वर्गमा हुनुहुने आफ्ना पितासामु आफ्नो हृदय खन्याउनुहुन्न भने, तपाईं धेरै फलदायी ख्रीष्टियन बन्नुहुनेछैन। प्रभु येशूले नै भन्नुभयो: “ममा रहो, र म तिमीहरूमा रहनेछु। हाँगा दाखको बोटमा रहेन भने आफैँले फल फलाउन सक्दैन, त्यसरी नै तिमीहरू पनि ममा रहेनौ भने फल फलाउन सक्दैनौ।” (यूहन्ना १५:४) पढ्नुहोस्: मत्ती ६:६; मर्कूस १:३५; उत्पत्ति २४:६३; भसं ५:३, ५५:१७; दनियल ६:१०।

- प्रदेश श्रेष्ठ

© 2026 WORDOFTRUTH.COM.NP

## अध्याय ७

### उदारवादी प्रोटेस्टेन्टवाददेखि वर्तमान समयसम्मको संघर्ष

# आधुनिक युगको सत्यत्याग (क्रमशः)

### उदारवादी प्रोटेस्टेन्टवादका सिद्धान्तहरू

उन्नाइसौँ शताब्दीका दर्शन र आन्दोलनहरूको संयुक्त प्रभावद्वारा शैतानले प्रोटेस्टेन्टवादको ठूलो भागलाई सत्यत्यागतर्फ लैजान सफल भयो। उदारवादी प्रोटेस्टेन्टवाद (Liberal Protestantism) उन्नाइसौँ शताब्दीको उत्तरार्धमा विकसित भयो र बीसौँ शताब्दीका प्रारम्भिक दशकहरूमा आफ्नो उत्कर्षमा पुग्यो। यसको विकासलाई वैज्ञानिक, दार्शनिक, आर्थिक र राजनीतिक विचारका क्षेत्रमा विकसित भएका उन्नाइसौँ शताब्दीका प्रवृत्तिहरूप्रति प्रोटेस्टेन्टहरूको प्रतिक्रिया र तिनलाई स्वीकार गर्ने प्रयासका रूपमा वर्णन गर्न सकिन्छ। उदारवादीहरूले सुसमाचारलाई आधुनिक संसारका विचारका स्वरूपहरूसँग मिल्ने गरी पुनर्व्याख्या गर्नु आवश्यक ठाने, ताकि सुसमाचारलाई वर्तमान संसारमा प्रस्तुत गर्न सकियोस्।

उदारवादी प्रोटेस्टेन्टवादका अधिकांश अनुयायीहरूमा केही सिद्धान्तहरू विशेष रूपमा विकसित भए। पहिलो, नयाँ विचारहरू र ख्रीष्टियन जगतभित्रका अन्य समूहहरूप्रति खुला मन र सहिष्णुता (tolerance) को भावना थियो। शिक्षागत तथा सम्प्रदायगत भिन्नताहरूलाई महत्त्वहीन ठानिन्थ्यो। दोस्रो, वैज्ञानिक विधि (scientific method) माथि विश्वास थियो। भौतिक संसारको अध्ययनमा मात्र होइन, बाइबलीय आलोचना र धर्मको इतिहासको क्षेत्रमा पनि सत्य पत्ता लगाउने माध्यमका रूपमा वैज्ञानिक विधिमाथि भरोसा गरियो। तेस्रो, शिक्षामा अडान लिनुपर्छ भन्ने मान्यताप्रति तीव्र विरोधको भावना विकसित भयो। मानिसहरू अन्तिम वास्तविकतासम्बन्धी निश्चित ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने सम्भावनाप्रति शङ्का गर्न थाले। चौथो, भिन्नताहरूभन्दा समानताहरूलाई जोड दिने इच्छा भयो। उदारवादीहरूले ख्रीष्टियमत र गैर-ख्रीष्टियन धर्महरूमा भएका साझा विशेषताहरू खोज्न थाले। तिनीहरूले परमेश्वरको सर्वव्यापकता (immanence) लाई जोड दिए, जसले अलौकिक र प्राकृतिक तथा परमेश्वर र मानिसबीचका भिन्नताहरूलाई हटायो।

पाँचौं, उदारवादी प्रोटेस्टेन्टवादले मानिस र उसको भविष्यप्रति ठूलो विश्वास व्यक्त गर्‍यो। मानिस र उसको समाजलाई सिद्ध बनाउन सकिन्छ भन्ने विश्वास गरियो। छैटौं, यसले व्यक्तिगत धार्मिक अनुभवको अधिकारलाई बाइबल वा मण्डलीको अधिकारको विरोधमा जोड दियो। सातौं, यसले येशू ख्रीष्टको जीवनको नमुना र नैतिक शिक्षालाई सबै कुराको केन्द्रमा राख्यो। आठौं, यसले प्रोटेस्टेन्टवादका धेरै परम्परागत विश्वासहरूको आलोचना गर्‍यो। पहिले ख्रीष्टियमतका लागि आवश्यक ठानिएका धेरै कुराहरू अब ख्रीष्टियमतका लागि अनावश्यक ठानिन थाले। नयाँ ज्ञान र नयाँ मार्गहरूसँग मेल खाने गरी विश्वासलाई ढाल्न सकिन्छ भन्ने ठानियो। नवौं, उदारवाद सामाजिक आदर्शवादले पूर्ण रूपमा प्रभावित भयो। यसले सामाजिक अन्यायहरू हटाउन र सामाजिक संरचनालाई पृथ्वीमा परमेश्वरको राज्यको आदर्शअनुकूल बनाउन मण्डली जिम्मेवार छ भन्ने निष्कर्ष निकाल्यो।

उदारवादी प्रोटेस्टेन्टवादले आफ्नै आधारभूत सिद्धान्तहरूसँग मेल खाने छुट्टै धर्मशास्त्र (theology) विकसित गर्‍यो। परमेश्वरसम्बन्धी यसको शिक्षामा परमेश्वरको सर्वव्यापकतालाई यति धेरै जोड दिइयो कि व्यवहारमा यसले परमेश्वर र संसार एउटै हुन् भन्ने धारणा स्वीकार गर्‍यो। यसले अनन्त, सिद्ध परमेश्वर र सीमित, भ्रष्ट संसारबीचको स्पष्ट भिन्नता मेटाइदियो। परमेश्वर प्रकृतिका सबै प्रक्रियाहरूमा उपस्थित हुनुहुन्छ भन्ने यसले बतायो।

परमेश्वरको सर्वव्यापकतामाथिको यो जोडले उदारवादी धर्मशास्त्रका लगभग सबै अन्य पक्षहरूलाई प्रभावित गर्‍यो। यसले चमत्कारहरूमाथिको विश्वास हटायो र अलौकिक तथा प्राकृतिकबीचको भिन्नता अस्वीकार गर्‍यो। मानिससम्बन्धी यसको शिक्षा (anthropology) मा मानिसभित्र ईश्वरत्वको कुनै अंश रहेको वा मानिसभित्र जन्मजात दिव्यता रहेको कुरा निहित थियो। त्यसैले मानिसमा मौलिक पाप थिएन; मानिस मूलतः असल थियो। मण्डलीसम्बन्धी यसको शिक्षा (ecclesiology) मा मण्डली र संसारबीचको स्पष्ट भिन्नता मेटाइयो; यसरी संगठित मण्डलीको महत्त्वलाई कम गरियो। अन्त्यसम्बन्धी शिक्षा (eschatology) को विषयमा यसले अनन्त दण्डको अवधारणा अस्वीकार गर्‍यो र भविष्यको जीवनको सट्टा वर्तमान जीवनको पूर्णतालाई जोड दियो। ईश्वरीय प्रकाश (revelation) को विषयमा परमेश्वर सबै कुरामा हुनुहुन्छ भन्ने धारणाले उहाँलाई हरेक अनुभवमा जान्न सकिन्छ भन्ने निष्कर्षमा पुर्‍यायो।

ख्रीष्टसम्बन्धी शिक्षा (Christology) को विषयमा, यसको अर्थ येशू केवल एक मानिस हुनुहुन्थ्यो र उहाँ पनि अरू मानिसजस्तै गल्ती गर्न सक्नुहुन्थ्यो भन्ने थियो। तथापि, मानिसको रूपमा येशूले आफ्नो मानवतालाई उच्चतम स्तरसम्म पुर्‍याउनुभयो, किनकि उहाँले परमेश्वरलाई आफूमा अत्यन्तै सर्वव्यापी हुन दिनुभयो। उहाँ पावल र मण्डलीले चित्रण गरेको प्रकारको उद्धारकर्ता हुनुहुन्थेन। बरु, उहाँ महान् शिक्षक र नैतिकताको नमुना हुनुहुन्थ्यो, जसले मानिसले

परमेश्वरलाई आफूमा अत्यन्तै सर्वव्यापी हुन कसरी दिन सक्छ भन्ने सर्वोत्तम नमुना प्रस्तुत गर्नुभयो। उद्धारको विषय (soteriology) मा, परमेश्वरको सर्वव्यापकताको विचारले मानिसको जीवनमा परिवर्तनको कुनै निश्चित क्षणमा परमेश्वर प्रवेश गर्नुहुन्छ भन्ने धारणालाई अस्वीकार गर्‍यो। उदारवादीहरूले निष्कर्ष निकाले कि हरेक व्यक्ति आफूभित्र परमेश्वरसहित जन्मन्छ; त्यसैले परिवर्तन भनेको केवल बच्चालाई येशूजस्तै व्यवहार गर्न सिकाउनु हो। अन्ततः, धार्मिक अधिकारको विषयमा, उदारवादले परमेश्वर प्रत्येक व्यक्तिमा सर्वव्यापी रूपमा उपस्थित हुनुहुन्छ भन्ने कारणले विश्वास र आचरणसम्बन्धी अन्तिम निर्णयको आधार व्यक्तिको आफ्नै विवेक, चेतना र अन्तर्ज्ञान हो भनेर बतायो।

> कुनै व्यक्तिका लागि कुनै कुरा अर्थपूर्ण नभएसम्म त्यो व्यक्तिका लागि त्यो अधिकारपूर्ण हुँदैन।

सारमा, यसको अर्थ प्रत्येक व्यक्ति आफ्नै अधिकारको स्रोत हो र विश्वास तथा आचरणसम्बन्धी कुनै पनि निरपेक्ष मापदण्डप्रति सबै मानिस जिम्मेवार छैनन् भन्ने हो।

## सामाजिक सुसमाचारको विकास

व्यापारिक मानसिकताले धेरै सामाजिक अन्यायहरू उत्पन्न गरेको भए पनि, उन्नाइसौँ शताब्दीको अन्तिम चौथाइमा समाजप्रति ठूलो आशावादको भावना थियो। प्रथम विश्वयुद्धअघिका वर्षहरूमा यो आशावाद आफ्नो उत्कर्षमा पुग्यो। विज्ञानका आश्चर्यजनक उपलब्धिहरू, क्रम-विकासद्वारा हुने प्रगतिको अवधारणा, र मानिसको सिद्धता तथा संसारमा परमेश्वरले सर्वव्यापी रूपमा काम गरिरहनुभएको छ भन्ने उदारवादी प्रोटेस्टेन्ट विचारहरूले समाजलाई रूपान्तरण गर्न सकिन्छ भन्ने विश्वास उत्पन्न गर्न योगदान पुऱ्याए। मानिसहरूले सामाजिक परिवर्तनको सन्देश प्रचार गर्न थाले र अन्ततः तिनीहरूको सन्देश यति व्यापक रूपमा परिवर्तन भयो

> कि त्यसलाई सामाजिक सुसमाचार (social gospel) भनेर चिनिन थाल्यो।

उदारवादी प्रोटेस्टेन्ट सामाजिक सुसमाचारका समर्थकहरूले मण्डली मुख्यतः यस संसारसँग सम्बन्धित कुराहरूमा केन्द्रित हुनुपर्छ भनेर घोषणा गरे। मण्डलीले आफ्ना प्रयासहरू व्यक्तिहरूको उद्धारबाट हटाएर समाजको उद्धारतर्फ लगाउनुपर्छ। भविष्यमा स्थापित हुने ईश्वरशासित राज्यको विषयमा सिकाउनुको सट्टा, मण्डलीले पृथ्वीमा परमेश्वरको राज्य स्थापित गर्नुपर्छ। यो काम येशू ख्रीष्टका नैतिक शिक्षाहरूअनुसार सम्पूर्ण सामाजिक व्यवस्थालाई पुनर्गठन गरेर गर्न सकिन्छ।

शिक्षामा, सामाजिक सुसमाचार आन्दोलनले सामाजिक एकताको आधारका रूपमा परमेश्वरको सर्वव्यापकतालाई जोड दिइयो। परमेश्वर सबै मानिसमा हुनुहुन्छ भन्ने निष्कर्ष निकालियो; त्यसैले उहाँ सबैका पिता हुनुहुन्छ र सबै मानिस दाजुभाइ हुन्। ख्रीष्टको उद्धारको कामलाई धार्मिक कट्टरता, घूस, राजनीतिक शक्ति, अन्याय, भीडको हिंसा, सैन्यवाद र वर्गीय अवहेलनाविरुद्धको संघर्षका रूपमा हेरियो। मण्डलीले संसारलाई उद्धार गर्नुपर्ने थियो, संसारबाट उद्धार पाउनुपर्ने होइन। यसरी शैतानले साँचो सुसमाचारलाई फेरि विकृत गर्न र प्रोटेस्टेन्टवादको ठूलो भागलाई त्यसको प्रचार गर्नबाट विमुख गराउन सफल भयो।

साभार: What on earth is God Doing by Renald Showers

*(क्रमशः आगामी अंकमा)*

# स्वर्ग जाने बाटो

### के तपाईं धर्मी हुनुहुन्छ?

**रोमी ३:१०** जस्तो लेखिएको छ: धर्मी कोही छैन, एउटै पनि छैन।

### के तपाईं पापी हुनुहुन्छ?

**रोमी ३:२३** किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन्।

### पाप कसरी आयो?

**रोमी ५:१२** यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकि सबैले पाप गरेका छन्।

### परमेश्वरले तोक्नुभएको पापको मूल्य

**रोमी ६:२३** किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो।

### हाम्रो उम्किने बाटो

**रोमी ५:८** तर परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ—हामी पापी हुँदा-हुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। **रोमी १०:९-११** यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गऱ्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ: 'उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन।' **रोमी १०:१३** किनकि प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ।

धैर्य भनेको चिन्ता नगरी प्रतीक्षा गर्नु हो।

## साना बच्चाहरू मरेपछि कहाँ जान्छन्?

**पाठकको प्रश्न:** "परमेश्वरले न्याय गर्नूहुन्छ र ख्रीष्टलाई नपाउनेहरू सबै नरकमा पठाउनुहुन्छ रे। तर साना-साना बालकहरू र कान नसुन्नेहरू केही पनि नजान्नेहरूलाई नि? यस्ताहरू सबै नरकमै जाला? किनकि लाटालाटीहरू र नानीहरूले कहिल्यै बुझ्न-जान्न सक्दैनन्। यिनीहरूले कुन ईश्वर, कुन धर्म, के स्वर्ग के नरक इत्यादि चिन्न सक्दैनन्।"

**हाम्रो उत्तर:** बालबच्चाहरू न्यायमा पर्नेछैनन्, किनकि परमेश्वरले मानिसलाई न्याय गर्नुहुने आधार उसका "कामहरूअनुसार" हो (प्रकाश २०:१२)। यो कुरा बालबच्चाहरूलाई लागू हुन सक्दैन, किनभने उनीहरूसँग "असल र खराब छुट्ट्याउने ज्ञान छैन" (व्यवस्था १:३९)। दाऊदको बच्चा जन्मेको थोरै दिनमै मरेको थियो, तर पछि पुनर्मिलन हुनेछ भन्ने कुरामा दाऊद निश्चित थिए (२ शमूएल १२:२३)। आमाको गर्भदेखि नै सबै मानिस पापमा जन्मन्छन् (भजनसंग्रह ५१:५), तर साना अबोध बालकहरूको समेत छुटकाराको दाम ख्रीष्टले तिरिसक्नुभएको छ (हिब्रू २:९)। विश्वास नगर्नेहरू दोषी ठहरिनेछन् भनिएको छ; विश्वास गर्न नसक्नेहरू होइन (मर्कूस १६:१६)। सुस्त मनस्थिति भएकाहरू पनि यही वर्गमा पर्नेछन्।

बहिराहरू नि? एकजना कान पटक्कै नसुन्ने बहिनी हरेक हप्ता चर्चको सभामा आउनुहुन्छ। उहाँ बहिराहरूको साङ्केतिक भाषा जान्नुहुन्न। तर हामीले उहाँलाई चित्रहरू देखाउँदै र हातका इशाराहरूबाट सुसमाचार बुझाउने प्रयास गर्‍यौं। सुरु-सुरुमा उहाँले कसरी बुझ्नुहोला जस्तो लाग्थ्यो। तर प्रभुले काम गर्नुभयो। एक दिन उहाँले आफ्नै हातको इशाराले "मैले बुझें!" भन्ने सङ्केत गर्नुभयो। उहाँ आइरहनुभयो। विभिन्न व्यक्तिहरूले उहाँलाई यसरी नै सिकाइरहनुभयो। अनि हामीले उहाँको जीवन परिवर्तन भएको देख्यौं। उहाँले आफ्ना घरपरिवारका सदस्यहरूसँग झगडा गर्न छोड्नुभयो। उहाँ अहिले खुशी देखिनुहुन्छ। उहाँ हरेक हप्ताका सभाहरूमा आउनुहुन्छ। कहिले केरा, कहिले तरकारी आफ्नै बारीबाट ल्याएर विश्वासीहरूलाई दिनुहुन्छ। चारैतिरबाट उहाँलाई रोक्न खोज्ने प्रयासहरू भएका थिए। तर उहाँ अडिग भएर अगाडि बढ्दै हुनुहुन्छ। परमेश्वरलाई धन्यवाद होस्!!

## परीक्षामाथि विजय

चालीस दिनको उपवासपछि येशू भोकाउनुभयो। त्यसै बेला शैतानले ढुङ्गालाई रोटी बनाउन उहाँलाई प्रलोभन दियो। प्रभु येशूले शैतानको प्रलोभनको प्रतिरोध गर्दै भन्नुभयो—

**"मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्कने प्रत्येक वचनले बाँच्नेछ"** (मत्ती ४:४)।

जब तपाईंलाई शारीरिक लालसालाई तृप्त पार्ने कुनै स्वार्थी विचार आउँछ, तब प्रभु येशूले जस्तै यस सामर्थी वचनद्वारा परीक्षामा पापलाई इन्कार गर्नुहोस्। - PS



## जगतका थोकहरू कसरी धमिलिन्छन्?

इसहाकको लागि एउटी दुलही खोज्न पदनआराम पुगेका अब्राहामका सेवकले करिब ८५० किलोमिटर टाढा कनानमा रहेका इसहाकको महिमा रिबेकालाई प्रकट गरिदिएपछि नै तिनले भन्न सकिन्, "म जान्छु" (उत्पत्ति २४:५८)।

त्यसरी नै हाम्रा प्रभुले पवित्र आत्माको बारेमा बताउनुभयो, "जे मेरो छ, त्यहीबाट उहाँले प्राप्त गर्नुहुनेछ र तिमीहरूलाई बताइदिनुहुनेछ"; अनि फेरि, "उहाँले तिमीहरूलाई आउने कुराहरू बताउनुहुनेछ" (यूहन्ना १६:१३,१४)। अब वास्तवमा हामीलाई चाहिने कुरा यही हो—परमेश्वरको आत्माको यही सेवकाइ, जसले हाम्रा आत्माहरूका सामु ख्रीष्टलाई प्रकट गर्दै, उहाँ जस्तो हुनुहुन्छ त्यस्तै उहाँलाई देख्ने र सदासर्वदा उहाँजस्तै बनिने गहिरो अभिलाषा उत्पन्न गराउँछ। यहीबाहेक अरू कुनै कुराले पनि हाम्रा हृदयहरूलाई संसार र प्राकृतिक स्वभावबाट अलग गर्न सक्दैन। येशू जस्तो हुनुहुन्छ त्यस्तै उहाँलाई देख्ने र उहाँजस्तै बनिने आशाबाहेक अरू कुनै कुराले हामीलाई जसरी उहाँ शुद्ध हुनुहुन्छ त्यसरी नै आफूलाई शुद्ध पार्न सक्षम वा प्रेरित गर्न सक्दैन। १ यूहन्ना ३:३ पढ्नुहोस्। - Adapted from CHM

*यस पत्रिकाका आत्मिक सत्यताहरू बुझ्न के तपाईं सहायता चाहनुहुन्छ? तलको नम्बरमा सम्पर्क गर्नुभयो भने हामी खुशीसित तपाईंलाई सहायता गर्नेछौं।* - सं.

## पारिवारिक आराधना

ख्रीष्टियन जीवन र परमेश्वरको आराधना सम्बन्धी सबै कर्तव्यहरू बालबालिकाका आँखामा अत्यन्तै गम्भीर र आदरणीय हुन्छन्। तर आमाबाबुको इमानदारीतालाई पारिवारिक भक्तिजत्तिको बलियो प्रमाण अरू कुनै कुराले दिन सक्दैन; छोराछोरीको मनमा आदरभाव जगाउन पनि यसले जत्तिको प्रभावकारी काम अरू कुनै कुराले गर्न सक्दैन; र उनीहरूले पाउने शिक्षालाई उनीहरूका लागि स्वीकार्य बनाउन पनि यसले जत्तिको राम्रोसँग सिफारिस गर्न सक्दैन। विशेष गरी त्यस्ता पारिवारिक आराधनाहरू, जसमा छोराछोरीका निम्ति गरिने बिन्तीहरूले विशेष स्थान पाएका हुन्छन्, अझ प्रभावकारी हुन्छन्। - टिमोथि ड्वाइट (1752-1817)

प्रकाशक: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310